Contact: Mukunda Aryal
Rastriya Banijya Bank Ltd.
Phone 4252595 Ext.2423
rbbnl@rbb.com.np

Singhadurbar Plaza
Kathmandu

**Rastriya Banijya Bank Ltd.**

# Press Release

## राष्ट्रिय बाणिज्य बैंक लिमिटेड र नागरिक लगानी कोषबीच सेवा सम्झौता

२०७३, श्रावण ३, काठमाडौं

नागरिक लगानी कोषको रकम संकलन तथा ट्रान्सफर कार्यलाई अझ बढि सरल र सुविधायुक्त बनाउने उद्देश्यले राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नागरिक लगानी कोष बीच रकम संकलन तथा ट्रान्सफर गर्ने सम्बन्धमा शुक्रबार एक समारोहका बीच सम्झौता भएको छ। उक्त सम्झौता पत्रमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठ र नागरिक लगानी कोषका कार्यकारी निर्देशक रामकृष्ण पोखरेलले हस्ताक्षर गर्नुभयो। उक्त अवसरमा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत श्री किरण कुमार श्रेष्ठले दुई ठूला सरकारी निकाय बीचको संझौताले कर्मचारीको वचत बानी विकासमा थप सघाउ पुग्ने अपेक्षा सहित आगामी आर्थिक वर्षमा बैंकले पुनरथापना गर्ने ३० वटा शाखा कार्यालयको सेवाबाट कोषका बचतकर्ता र सर्वसाधारण जनता लाभान्वित हुने विश्वास व्यक्त गर्नुभयो । सो अवसरमा नागरिक लगानी कोषका कार्यकारी निर्देशक श्री रामकृष्ण पोखरेलले यो संझौताले नागरिक लगानी कोषका ५ लाख ७० हजार बचतकर्ता लाभान्वित हुने बताउनुभयो। यस नयां संझौता अनुसार नागरिक लगानी कोषको बैंकका विभिन्न शाखामा रहेका अनेकौ खाताहरु बन्द गरि स्किम अनुसारको ६ वटा केन्द्रिकृत खाताहरु मात्र संचालन गरिनेछ। नेपाल भरीबाट जम्मा हुन आउने रकम बैंकका शाखा कार्यालय थापाथली, टेकु र वानेश्वरमा रहेका कोषको कर्मचारी बचत बृद्धि अवकाश कोष, निजामती वीमा कोष , शिक्षक वीमा कोष , सैनिक वीमा कोष , नेपाल प्रहरी वीमा कोष , सशस्त्र प्रहरी वीमा कोषको नामको खातामा मात्र शिर्षक अनुसार रकम जम्मा हुनेछ।

उक्त हस्ताक्षर समारोहमा राष्ट्रिय वाणिज्य बैंकका नायब महाप्रवन्धकहरु सुशिल श्रेष्ठ, कविराज अधिकारी, का.मु.नायब महाप्रवन्धक टेकराज जोशी, ब्रान्च अपरेशन विभागका प्रमुख उद्धब खनाल, उप प्रमुख नारायण प्रसाद सुवेदी, नागरिक लगानी कोषका मूख्य व्यवस्थापक सुशिल कुमार अर्याल लगायत दुबै संस्थाका अन्य पदाधिकारीहरुको उपस्थिती थियो।

**Release July 18, 2016**

*more*

# Agreement between RBBL and CIT

**18 July 2016, Kathmandu:** In a bid to make the collection and transfer of Citizen Investment Trust (CIT)'s fund more easier, Rastriya Banijya Bank Limited (RBBL) and CIT has signed on a agreement regarding collection and transfer of fund through RBBL. The agreement in this effect was undersigned by Mr. Kiran Kumar Shrestha the CEO of RBB and Mr. Ram Krishna Pokharel, the Executive Director of CIT. On the occasion, Mr. Kiran Kumar Shrestha, the CEO of RBBL expressed optimism that the agreement would further help developing saving habit of employees. On the occasion Mr. Ram Krishna Pokharel, the Executive Director of CIT said that the total of 5 lakh 70 thousand depositors of CIT would be benefitted by this agreement. Various dignitaries representing from two institutions were present on the occasion.